# लेखक/सम्पादक परिचय

**केदार शर्मा** सामाजिक र वातावरणीय विषयका आधा दर्जनभन्दा बढी पुस्तकका सम्पादक/लेखक तथा फिल्म निर्माता हुन्। हाल *शिक्षक* मासिकसँग आबद्ध शर्मा रेडियो नेपालबाट प्रसारण हुने कार्यक्रम *कथा संसार* निर्माणमा पनि सक्रिय छन्।

**खगेन्द्र सङ्ग्रौला** लेखक तथा साहित्यकार हुन्। साहित्यिक र समसामयिक विषयका थुप्रै पुस्तकका लेखक सङ्ग्रौलाले लामो समयदेखि नेपाली पत्रपत्रिकाहरूमा लेख लेख्दैआएका छन्।

डेढ दशकभन्दा पहिलेदेखि टेलिभिजन कार्यक्रम तथा वृत्तचित्र उत्पादनमा संलग्न **टङ्क उप्रेती** नेपाल टेलिभिजनका वरिष्ठ कार्यक्रम निर्माता हुन्। आमसञ्चार तथा पत्रकारिता विषयको प्राध्यापनमा पनि उप्रेतीको संलग्नता छ। उनी *सञ्चार अनुसन्धान पद्धति र अभ्यास* (२०६७) पुस्तकका लेखक हुन्।

**तीर्थ विष्ट** मार्टिन चौतारीका अनुसन्धानकर्ता हुन्। उनको सह-सङ्कलनमा *तराई-मधेस सन्दर्भ ग्रन्थ* (२०६६) प्रकाशित छ।

**दीपक अर्याल** मदन पुरस्कार पुस्तकालयका अनुसन्धानकर्ता हुन् । *बहा: जर्नल*मा सह-सम्पादकका रूपमा काम गरेका अर्याल मदन भण्डारी मेमोरियल कलेजमा प्राध्यापन पनि गर्छन् ।

मार्टिन चौतारीका अनुसन्धानकर्ता **देवराज हुमागाईं**को सह-लेखन र सह-सम्पादनमा मिडियासम्बन्धी आठओटा पुस्तक प्रकाशित छन् ।

**निर्मलमणि अधिकारी** काठमाडौँ विश्वविद्यालयमा आमसञ्चार र पत्रकारिता विषय प्राध्यापन गरिरहेका छन् । पत्रकारितालगायत अन्य विधामा गरी उनका दुई दर्जनजति पुस्तक प्रकाशित छन् ।

**प्रत्यूष वन्त** मार्टिन चौतारीका अनुसन्धानकर्ता हुन् । *स्टडिज इन नेपाली हिस्ट्री एन्ड सोसाइटी* जर्नलका सम्पादक वन्तको लेखन, सम्पादन र सह-सम्पादनमा नेपाली मिडिया तथा अन्य विधासँग सम्बन्धित डेढ दर्जन बढी पुस्तक प्रकाशित छन् ।

पत्रकारिता क्षेत्रमा दुई दशकदेखि सक्रिय **बबिता बस्नेत** *घटना र विचार* साप्ताहिककी सम्पादक तथा सञ्चारिका समूह नेपालकी अध्यक्ष हुन् । बस्नेतको सम्पादन तथा सहसम्पादनमा महिला, सञ्चार, चेलिबेटी बेचबिखन, संविधानसभा आदि विषयका आधा दर्जनजति पुस्तक प्रकाशित छन् ।

२०५२ सालदेखि पत्रिकारितामा सक्रिय **बसन्त महर्जन** नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व विभाग, त्रिभुवन विश्वविद्यालयबाट नेवार जातीय आन्दोलनबारे विद्यावारिधि गर्दै छन् । इतिहास र पुरातत्त्वसम्बन्धी उनका तीनओटा पुस्तक प्रकाशित छन् ।

**राजेन्द्र महर्जन**ले विगतमा *मूल्याङ्कन* मासिकको सम्पादक तथा प्रकाशकको जिम्मेवारी सम्हालेका थिए । समसामयिक विषयमा पत्रपत्रिकामा निरन्तर कलम चलाउने महर्जनको लेखन र सम्पादनमा विश्व कम्युनिष्ट आन्दोलन, नेपाली समाज र राजनीतिबारे झण्डै दुई दर्जनजति पुस्तक प्रकाशित छन् ।

**वन्दना ढकाल** त्रिभुवन विश्वविद्यालयबाट नेपालीमा एमफिल गर्दै छिन्। उनी *रातो झिल्को* जर्नलकी प्रबन्ध सम्पादक हुन्।

दुई दशकभन्दा लामो समयदेखि पत्रकारितामा सक्रिय **विनोद ढुङ्गेल**ले पारिश्रमिक तथा क्षतिपूर्ति निर्धारण समिति र न्यूनतम पारिश्रमिक निर्धारण समितिमा सदस्य भएर काम गरेका थिए। उनको लेखन/सम्पादनमा मिडियालगायत विभिन्न विषयका आधादर्जन जति पुस्तक प्रकाशित छन्।

**शेखर पराजुली** मार्टिन चौतारीका अनुसन्धानकर्ता हुन्। उनको लेखन, सह-लेखन, सम्पादन तथा सह-सम्पादनमा नेपाली मिडियाबारे नौओटा पुस्तक प्रकाशित छन्।

मानव तथा प्राकृतिक संसाधन अध्ययनमा काठमाडौं विश्वविद्यालयबाट स्नातकोत्तर गरेका **सफल घिमिरे**ले द्वन्द्व र सामाजिक रूपान्तरणबारे विभिन्न लेख तथा पुस्तकहरूको लेखन, अनुवाद तथा सम्पादन गरेका छन्।

**सीके लाल** राजनीतिक विश्लेषक हुन्। उनको पछिल्लो पुस्तक *नेपालीय हुनलाई ...* (२०६७) हो।

**हर्षमान महर्जन** मार्टिन चौतारीमा आबद्ध अनुसन्धानकर्ता हुन्। उनको सह-सम्पादन तथा सह-लेखनमा तीनओटा पुस्तक प्रकाशित छन्।

## मार्टिन चौतारी पुस्तकालयको अनुरोध

मिडियासम्बन्धी निश्चित विषयका सामग्रीहरूको व्यवस्थित सङ्ग्रह एकै स्थानमा छैन । त्यसैले मार्टिन चौतारीले आफ्नो ध्यान मिडियासम्बन्धी स्रोत सामग्रीहरूको सङ्कलन र व्यवस्थापन गर्ने कार्यमा केन्द्रित गरेको छ । मिडियासम्बन्धी सकेसम्म धेरै भन्दा धेरै सामग्री सङ्ग्रह गरी व्यवस्थित किसिमले तिनको भण्डारण गर्ने र पाठक, सञ्चारकर्मी, अध्येता तथा अनुसन्धाताका लागि सर्वसुलभ बनाउन **मार्टिन चौतारी पुस्तकालय तथा मिडिया सेन्टर** को स्थापना भएको छ । यो पुस्तकालय २०६३ साउन २० देखि सर्वसाधरणका लागि खुला गरिएको हो ।

यहाँ अन्य विषयका अतिरिक्त मिडियासम्बन्धी पुस्तक, स्मारिका, जर्नल, म्यागेजिन, प्रतिवेदन, शोधपत्र र कार्यपत्र आदि सङ्कलित छन् । २०६८ असार अन्त्यसम्म यस पुस्तकालयमा मिडियासम्बन्धी करिब ३ हजार ३०० पुस्तकको सङ्ग्रह छ । नेपालभित्र र बाहिरको मिडियाबारे लेखिएका विश्लेषणमूलक तथा अनुसन्धानमूलक फुटकर लेखहरू १ हजार १७०, कार्यपत्र (सेमिनार पेपर) २५५, शोधपत्र १८० तथा २०० ओटा अप्रकाशित प्रतिवेदन यस पुस्तकालयमा सङ्कलन भइसकेका छन् । त्यसबाहेक मिडियाबारे केही स्मारिका, केही जर्नल र म्यागेजिन, केही अडियो क्यासेटहरू पनि यहाँ सङ्गृहीत छन् । अध्येता/अनुसन्धाताका लागि इन्टरनेट प्रयोगको सुविधा पनि यस पुस्तकालयमा निःशुल्क उपलब्ध छ ।

तपाईंसँग पनि मिडियाबारे ऐतिहासिक महत्त्वका यस्ता सामग्रीहरू (जस्तै : पुस्तक, स्मारिका, लेख, कार्यपत्र, शोधपत्र, जर्नल आदि) हुन सक्छन् । त्यस्ता सामग्रीहरू सार्वजनिक उपयोगका लागि यस केन्द्रलाई सहयोगस्वरूप उपलब्ध गराउनु भए हामी आभारी हुनेछौं ।

**मार्टिन चौतारी पुस्तकालय तथा मिडिया सेन्टर**
२७ जीतजङ्ग मार्ग, थापाथली, काठमाडौँ, नेपाल
पोस्ट बक्स १३४७०; फोन नं. ४२३८०५०, ४२४०२४३ फ्याक्स ४२४००५९
इमेल : chautari@mos.com.np
वेवसाइट : http://www.martinchautari.org.np